annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५ पृष्ठ १० | काठमाडौं, सोमबार १४ जेठ २०८१ | जेष्ठ कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४४ | MONDAY, MAY 27, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# देशको ११ खर्ब ८३ अर्ब बेहिसाब

## अर्थ मन्त्रालयमै आधाभन्दा बढी बेरुजु, प्रदेशतर्फ मधेसमा सर्वाधिक

सरकारको राजस्व तथा कर बक्यौता बढेसँगै सरकारको रुजु हुन नसकेको आर्थिक कारोबारको रकम (बेरुजु) बढेको छ। आर्थिक वर्ष २०७९/०८० को वित्तीय लेखापरीक्षणको ६१औं प्रतिवेदनअनुसार सरकारको कुल बेरुजु ११ खर्ब ८३ अर्ब २६ करोड रुपैयाँ पुगेको छ। यसमा अद्यावधिक ६ खर्ब ६९ अर्ब र कारबाही टुंगो लगाउनुपर्ने ५ खर्ब १३ अर्ब छ। बेरुजु रकम बढ्नुमा प्रमुख कारण राजस्व बक्यौता र बेरुजुको आकारलाई औंल्याएको छ। आर्थिक वर्ष २०७८/०७९ मा यस्तो बेरुजु रकम १ खर्ब २९ अर्ब रुपैयाँ थियो।

**सुनिता कार्की** | *काठमाडौं*


– को रिपोर्ट

समाचार पृष्ठ २

आर्थिक वर्ष २०७९/०८० को सरकारको बेरुजु (रु.लाखमा)

| वर्गीकरण | संघीय सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | संघीय समिति/अन्य संस्था | प्रदेश समिति/अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| असुल गर्नुपर्ने | १५५१४५ | ८७३७ | ४१५८४ | २७६४३ | ८९९ | २३४००८ | २४.४७ |
| नियमित गर्नुपर्ने | २८९२४५ | ४२७११ | २४०३४० | ७०७९७ | ७२६४ | ६५०३५७ | ६८.०३ |
| अनियमित भएको | २७०९६ | १५२५७ | १०८६६८ | २२२४६ | ३७०० | १७६९६७ | १८.५१ |
| प्रमाण कागज पेश नभएको | २६१७८९ | २७४२६ | १३११६५ | ४८२५० | ३४०८ | ४७२०३८ | ४९.३८ |
| शोधभर्ना नलिएको | ३६० | २८ | ५०८ | ३०१ | १५६ | १३५३ | ०.१४ |
| पेस्की | २०९७२ | १४२४१ | २८२२८ | ७९७८ | २३७ | ७१६५६ | ७.५० |
| जम्मा बेरुजु | ४६५३६२ | ६५६८९ | ३१०१५२ | १०६४१८ | ८४०० | ९५६०२१ | १०० |

*स्रोत: महालेखापरीक्षकको ६१ औं प्रतिवेदन*




## वित्तीय संघीयताको पूर्ण कार्यान्वयन जरुरी



**शंकरप्रसाद उपाध्याय**

इजलास

मुलुक संघीय व्यवस्थामा गएको एक दशक बित्न लाग्यो। तर, नेपालको संविधानले परिकल्पना गरेको संघीय व्यवस्था अहिले पनि कार्यान्वयन भएको छैन। संघीयतासँगै मुलुक तीन तहमा बिकेन्द्रीकरण भएको ६ वर्ष बित्दा पनि वित्तीय संघीयता कार्यान्वयन भएको छैन। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न सातवटा सूचकका आधारमा अनुदान सिफारिस गर्छ। त्यस आधारमा गरिएको विनियोजिन रकम सरकारले कार्यान्वयन गर्दैन। सरकारको गत माघ ९ गतेको मन्त्रिपरिषद् बैठकले 'वित्तीय समानीकरण अनुदानमध्ये तेस्रो किस्तादेखि राजस्व संकलनको आधारमा घटाएर पठाउने' निर्णय गरेको थियो। त्यसपछि अहिले स्थानीय सरकारहरूले बजेट विनियोजन गरी कार्यसम्पन्न गरेका योजनाहरूको पनि भुक्तानी दिन नसक्ने अवस्थामा छन्।

सरकारको उक्त कदमको विरोधमा नगरपालिका महासंघले आन्दोलन गर्ने चेतावनी पनि दिएका छौं। संघीयताको मर्म नै गाउँस्तरसम्म सबै किसिमका अधिकार र स्रोत साधनहरूको वितरण हो। तर, संघीय सरकारले वित्तीय संघीयता कार्यान्वयन नगरी स्थानीय सरकारलाई माग्ने र आफू दिने ठाउँमा राखेर अन्याय गरिरहेको छ। यो संघीयता र नेपालको संविधानको भावना विपरीतको कार्य हो। यसले संघीय व्यवस्थालाई नै अप्ठ्यारोमा पार्ने जोखिम बढेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले खर्चको आवश्यकता, पहिचान र समन्यायिक बाँडफाँट गर्छ। वित्तीय संघीयता कार्यान्वयनका सवालमा आयोगको सिफारिसलाई अवज्ञा गरी मनोपोली रूपमा स्रोत र साधनहरूको बाँडफाँट भइरहेको छ। अहिले पनि पञ्चायतकालको जस्तै हामी जनप्रतिनिधिहरूले बजेट माग्न केन्द्र धाउनुपर्ने अवस्था छ। नागरिक तहबाट आवश्यकताअनुसार योजना तर्जुमा गरी बजेट माग्दा पनि दुर्गमका स्थानीय सरकारलाई संघ सरकारले पर्याप्त बजेट दिँदैन। पहुँचको आधारमा राष्ट्रिय स्रोतको वितरण भइरहेको छ।

*(उपाध्याय तिलागुफा नगरपालिका कालीकोटका मेयर तथा नगरपालिका महासंघका केन्द्रीय सदस्य हुन्।)*

# अध्यादेशको डरले दबाबमा प्रतिपक्ष

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



संविधानमै जेठ १५ गते बजेट ल्याउनै पर्ने बाध्यात्मक व्यवस्था छ। १५ गते १ बजे बजेटका लागि सरकारले समय पनि तोकिसक्यो। तर, सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति बनाउने माग गर्दै विपक्षी कांग्रेसले लगातार सदन अवरुद्ध गरिरहेको छ। आइतबार नीति तथा कार्यक्रमसमेत विरोधकैबीच पारित गरिएको छ।

संसद् अवरुद्ध भइरहे, सरकारको मनोविज्ञान भने बल प्रयोगबाट भन्दा अधिवेशन अन्त्य गरी अध्यादेशबाट बजेट ल्याउने देखिन्छ। र, त्यो अवस्था आए, सम्भवत: बजेट मात्र अध्यादेशबाट आउने छैन। राजनीतिक दल विभाजनसम्बन्धी व्यवस्था केही खुकुलो पारिएको अध्यादेश पनि आउन सक्नेछ। त्यसले प्रतिपक्ष दबाबमा परेको छ। १५ गतेसम्ममा प्रतिपक्षलाई गलाउने रणनीतिमा सत्तापक्ष छ। नगले अध्यादेश छँदै छ भन्नेमा सरकार देखिन्छ।

**'संसद् अवरुद्धै होस्'**

सत्ता पक्षले संसद्को अवरोध हटाउन खासै चासो देखाएको छैन। लचिलो पनि भएको छैन। संसदीय समिति बनाउन राजी भएको भनिए पनि ऊ नाम मात्रकै समिति बनाएर जान चाहन्छ। मुख्य मुद्दा ढाकछोप गरेर तत्कालीन समस्याबाट पन्छिन् चाहन्छ। अबरोध भए पनि शक्तिको बलमा सदन चलाएकै छ। प्रतिपक्ष अझ आक्रामक भए अर्को बाटो जान पनि सत्ता पक्ष तयार देखिएको छ।

**प्रतिपक्ष : माग छोड्नु कि अध्यादेश सहनु ?**

प्रतिपक्ष संकटमा छ। हिउँदे अधिवेशनदेखि सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नामसमेत राखेर संसदीय समिति बनाउनुपर्ने अडानमा छ ऊ। तर, पछिल्लो समय यो अडान छोड्नु कि अध्यादेश सहनु ? भन्ने द्विविधामा आइपुगेको छ।

सत्ता पक्षले अध्यादेश ल्याएर जे पनि गर्न सक्ने जोखिम छ। जसरी पनि जेठ १५ मा बजेट त ल्याउनु नै छ। प्रतिपक्षले लगातार अबरोध गरेको निहुँमा सत्ता पक्ष अध्यादेशबाटै बजेट आओस् भन्ने चाहन्छ। सदन अबरोधको कारण अध्यादेशबाट बजेट ल्याउनै पऱ्यो भने त्यो प्रतिपक्षलाई दोष थोपर्ने दाउमा सत्तापक्ष छ। सत्ता पक्षका नेताहरूले सार्वजनिक रूपमा पनि सदन चल्न नदिए अध्यादेशबाटै बजेट ल्याउने अभिव्यक्ति दिइरहेका छन्।

**अध्यादेशको बाटो खुला : दलहरू मुख्य तारो**

सदनको अबरोधलाई बहाना बनाएर सरकारले अध्यादेशमार्फत बजेट त ल्याउँछ नै। त्यसमाथि पनि सरकारको अर्को तारोमा केही दलहरू देखिएका छन्। जसबाट नयाँ अध्यादेश ल्याएर तिनलाई विभाजन गर्न सक्ने सम्भावना उत्तिकै छ। सरकारले हालै राजनीतिक दलसम्बन्धी विधेयक फिर्ता लिनुले पनि अध्यादेश ल्याउने संकेत गर्छ। राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश २०७८ खारेज भएकाले साविककै व्यवस्था राख्न भन्दै गृह मन्त्रालयले विधेयक अघि बढाएको थियो।

» बाँकी पृष्ठ ६

## बलात्कार मुद्दामा न्यायाधीश दोषी ठहर

**काठमाडौं** (अन्नपूर्ण): निलम्बित जिल्ला न्यायाधीश भुवन गिरी जबरजस्ती करणी मुद्दामा दोषी ठहर भएका छन्। काठमाडौं जिल्ला अदालतका न्यायाधीश दुर्गाबहादुर भुसालको इजलासले गिरीलाई जबरजस्ती करणी मुद्दामा दोषी ठहर गरेको हो। सजाय निर्धारणका लागि जेठ २८ गते छुट्टै पेसी तोक्न आदेश भएको छ।

जिल्ला अदालत कपिलवस्तुमा कार्यरत रहँदा गिरीमाथि सम्बन्ध विच्छेद भइसकेकी श्रीमतीलाई जबरजस्ती करणीको अभियोग थियो। जिल्ला सरकारी वकिल कार्यालयले वैवाहिक बलात्कारको मुद्दा चलाएपछि न्यायाधीश गिरी निलम्बित भएका थिए।

## बंगलादेशको खाडीबाट शक्तिशाली आँधी आउँदै

**नयाँ दिल्ली** (एपी/रासस) : बंगलादेशले बंगालको खाडीबाट शक्तिशाली आँधी आउन लागेपछि आइतबार जोखिममा रहेका क्षेत्रबाट करिब ८ लाख मानिसलाई सुरक्षित स्थानमा सारेको छ। आँधीले आइतबार मध्यरातितिर बंगलादेश र भारतको पश्चिम बंगालका तटहरूलाई पार गर्ने अनुमान गरिएको छ।

» बाँकी पृष्ठ ६

# अदालतको अवहेलनामा बूढानीलकण्ठका मेयरसहित ४ जना प्रतिनिधिलाई एक-एक महिना कैद

**दिनेश गौतम** | *काठमाडौं*

जिल्ला अदालत काठमाडौंले अदालतको फैसला नमानेको र कार्यान्वयनमा अटेर गरको भन्दै बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मीठाराम अधिकारीसहित ४ जनप्रतिनिधिलाई जनही एक महिना कैद सजाय सुनाएको छ।

न्यायाधीश डा. राजेन्द्रकुमार आचार्यको इजलासले अदालतको फैसलाको सम्मान नगरी अवज्ञा गरेको देखिएको जनाउँदै सजाय गरेको हो। मेयर अधिकारीसँगै वडा १० का अध्यक्ष नवराज भट्टराई, वडा ८ का अध्यक्ष सुमन तामाङ र वडा १० का सदस्य चन्द्रमान श्रेष्ठलाई उक्त सजाय सुनाएको हो।

अदालतले २०८० मंसिर १७ गते चन्द्रबहादुर थापाले हालेको जग्गा विवादको मुद्दामा नगरपालिकाका विपक्षमा फैसला सुनाएको थियो। उक्त जग्गा एक सय दिनभित्र व्यक्तिलाई उपयोग गर्न दिनू भनी आदेश गरिएको थियो। तर, कार्यान्वयन नगरेको भन्दै थापाले पुन: निवेदन दिएका थिए। सो



मीठाराम अधिकारी



सुमन तामाङ



नवराज भट्टराई



चन्द्रमान श्रेष्ठ

मुद्दामा काठमाडौं जिल्ला अदालतले गत जेठ ११ गते आदेश सुनाएको हो।

बूढानीलकण्ठ नगरपालिकाले पठाएको पत्रमा विवादित जग्गा सार्वजनिक प्रयोजनका लागि आवश्यक रहेको भनिएको थियो। थापाले उक्त बदलामा पाएको जग्गा पनि सोभन्दा पहिले नै राज्यले शोधभर्ना स्वरूप लिएको थियो। 'सो स्थानमा पनि जग्गा राज्यलाई चाहिन्छ भन्ने हो भने पूरै जीवन वैकल्पिक वासस्थानका लागि भौंतारिनुपर्ने अवस्था देखिन आएको छ। नगरपालिकाले जग्गा चाहिन्छ भन्ने र समयमा निकासा नदिएर कब्जामै राखिराख्न मिल्दैन,' आदेशमा भनिएको छ, 'यी वादीले १५/१६ वर्षपश्चात् मात्र श्रेस्ता पाउन सफल भएको अवस्थामा जीवनभर राज्यविरुद्ध मुद्दा लड्दै हिँड्ने भन्ने हुँदैन।' अदालतले सजायका लागि मुलुकी देवानी संहिताको दफा २३८ (१६) प्रयोग गरेको छ। 'प्रतिवादीहरूले अब ६० दिनभित्र संरचना हटाई निवेदक एवं वादीलाई चलन दिई कब्जा छाडिदिएको प्रतिवेदन पेस गरेमा उक्त कैद असुल गर्न पर्दैन', आदेशमा भनिएको छ। अदालतले ६० दिनभित्र पनि संरचना हटाइ नलगेमा अदालतबाट संरचना हटाइदिन र लागेको खर्च बूढानीलकण्ठ नगरपालिकाबाट असुल गर्न पनि आदेश दिएको छ। 'संरचना नहटाउने कार्यले अदालतको फैसलाको सम्मान नगरेको देखिन आएको छ,' आदेशमा भनिएको छ, 'यस अदालतको फैसला माथिल्लो अदालतबाट बदर नभएसम्म सो फैसला अक्षरश: कार्यान्वयन गर्नुपर्ने हुन्छ। त्यसमा पनि नगरपालिकाजस्तो राज्य शक्तिको प्रयोग गर्ने नियकाले यो वा त्यो वहानामा अदालतको फैसलालाई अन्यथा हुने गरी काम व्यवहार गर्न मिल्दैन।'

आदेशमा थापाको सम्पत्तिसम्बन्धी हक अधिकारलाई नगरपालिको अतिक्रमण गरेको देखिएको उल्लेख छ। 'यसो गर्ने अधिकार राज्यको हुँदैन। प्रतिवादीले अदालतको फैसलाको सम्मान नगरी अवज्ञा गरेको समेत देखिन आएको छ,' आदेशमा भनिएको छ। पुन चलन चलाई पाउँ भनि परेको रिट निवेदनमा निवेदक थापाका तर्फबाट अधिवक्ता ज्योति बानियाँले बहस गरेका थिए।